## बैठक संख्या: ३८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**निर्णयहरु :**

१. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं ३९६१ मिति २०७७।०२।१४ को निर्णय कार्यान्वयन सम्बन्धको पत्रसाथमा प्राप्त भएको **कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७** बैठकमा प्रस्तुत भई छलफल हुँदा सो आदेशको तत्काल कार्यान्वयन गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) भारत तथा अन्य मुलुकहरुबाट कास्की जिल्ला फर्केर आउने व्यक्तिहरुलाई निजहरुलाई व्यवस्थापन गर्न तयार गरेको Holding Center बाट कास्की जिल्लासम्म ल्याईपुऱ्याउने व्यवस्थाका लागि Holding Center रहेको सम्बन्धित प्रदेशसँग समन्वय गर्नको लागि प्रदेशस्तरीय CCMC लाई अनुरोध गर्ने ।

ख) बुँदा (क) को व्यवस्था बमोजिम जिल्ला सदरमुकामसम्म वा नाकाहरुसम्म ल्याई पुऱ्याइएका व्यक्तिहरुलाई स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टाइन स्थलसम्म स्थानान्तरण गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले गर्ने ।

२. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र छाउनी काठमाण्डौको मिति २०७७।०२।१५ को एम्बुलेन्स र शव वाहनको व्यवस्था सम्बन्धमा विषयको पत्र प्राप्त भई बैठकमा प्रस्तुत हुँदा कोभिड-१९ (कोरोना भाइरस) रोगको रोकथाम र नियन्त्रणका लागि कास्की जिल्लामा २८ वटा कोभिडमैत्री (६ वटा Dedicated एम्बुलेन्स समेत) तथा १६ वटा सामान्य एम्बुलेन्स गरी जम्मा ४४ वटा एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्ने र कोभिड-१९ रोगका कारण मृत्यु भएका व्यक्तिहरुको शव लैजान ल्याउन २ वटा शव वाहन तयारी अवस्थामा राख्न स्वास्थ्य कार्यालय र रेडक्रस सोसाइटी कास्कीलाई निर्देशन दिने साथै शवदाहस्थलहरु तोकि स्थानीय तहहरुले सोको विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने।

३. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं ३९५७ मिति २०७७।०२।१४ को पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) कास्की जिल्लाभित्रका अस्पतालहरुमा विरामी तथा स्टाफहरु कोभिड-१९ पोजेटिभ देखिएपछि कोरोना विरामी भेटिएको वार्ड/कोठा/विभागलाई मात्र सिल गर्ने, सिल गरिएको वार्ड/कोठा/विभागलाई चार घण्टासम्म खाली राखी Disinfection गर्ने, Disinfection पश्चात अरु वार्ड/कोठा/विभागमा पूर्ववत ढङ्गबाट सुचारु गर्न अस्पताल तथा स्वास्थ संस्थाहरुलाई निर्देशन दिने। उक्त कार्यका लागि आवश्यकता अनुसार समन्वय गर्दै जिल्लागत CCMC को टोली तथा सम्बन्धित स्थानीय तहले अनुगमन निरीक्षणलाई तिव्रता प्रदान गर्ने ।

ख) कास्की जिल्लामा शान्ति सुरक्षा कायम गर्ने तथा अत्यावश्यक सेवा सञ्चालन गर्ने निकाय/कार्यालयहरुमा कार्यरत कर्मचारीहरुमा कोभिड-१९ को संक्रमण देखिएमा संक्रमण देखिएको Unit मात्र सिल गरी संक्रमितहरुलाई आइसोलेशन कक्षमा राखी उपचार गर्ने, संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुलाई आवश्यकता अनुसार क्वारेन्टाइन वा आइसोलेशनमा राखी कार्यालयको सेवा नियमित रुपमा सञ्चालित गर्ने व्यवस्था मिलाउन सम्बन्धित कार्यालय/निकायहरुलाई निर्देशन दिने तथा सोको समन्वय एवं अनुगमन जिल्लागत CCMC ले गर्ने ।

४. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं ३९६० मिति २०७७।०२।१४ को पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा कोभिड-१९ को संक्रमणको कारणबाट निधन भएका व्यक्तिको शव व्यवस्थापन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको **शव व्यवस्थापनसम्बन्धी प्रोटोकल, २०७७** बमोजिम जिल्ला प्रशासन कार्यालय कास्कीको समन्वयमा नेपाली सेना, भगवती दल गण फुलवारीले गर्ने ।

५. विश्वव्यापी रुपमा तिव्रतर फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणका कारण सिर्जित महामारीको अवस्थाले भारत वा तेस्रो मुलुक समेतबाट कास्की जिल्लावासी नागरिकहरु स्वदेश फर्कने क्रम बढ्दो छ । यस सन्दर्भमा कास्की जिल्ला फर्केर आउने व्यक्तिहरुलाई नेपाल भारत सिमा तथा नेपाल सरकारले तोकेका विभिन्न Holding Center देखि सम्बन्धित स्थानीय तहहरुसम्म ल्याउन आवश्यक हुने सवारी साधनको व्यवस्थापनका लागि कास्की जिल्ला भित्रका सबै स्थानीय तहहरुले आपसी समन्वयमा तत्काल Dedicated सवारी साधन व्यवस्था गर्ने र सोको विवरण जिल्लागत CCMC लाई उपलब्ध गराउने । यसको समन्वय र सहजीकरणका लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

## वैठक संख्याः ३८

६. कास्की जिल्लाका सबै स्थानीय तहहरुले वैदेशिक रोजगारी, वैदेशिक अध्ययन तथा अन्य उद्देश्यले भारत वा अन्य मुलुक बस्दै आएका तर कोभिड-१९ को महामारीका कारण आ-आफ्नो पालिकामा फर्की आउने नागरिकहरुको व्यवस्थापनका लागि देहायअनुसार गर्ने;

क) निजहरुको लगत तयार गरी यथाशिघ्र जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने ।

ख) निजहरुलाई क्वारेन्टाइनमा राख्नुपर्दा आवश्यक हुने नेपाल सरकारले तोकेको मापदण्ड अनुसारका क्वारेन्टाइन स्थलहरुको हालको क्षमतालाई तत्काल वृद्धि गर्ने र सोको जानकारी जिल्लागत CCMC लाई उपलब्ध गराउने।

ग) पालिकाहरुबाट सञ्चालित क्वारेन्टाइन स्थलहरुको सुरक्षा जिल्लाका सबै सुरक्षा निकायहरुको समन्वयमा व्यवस्थापन गर्ने ।

घ) कोभिड-१९ को महामारीका कारण बैदेशिक तथा स्वदेशमा रोजगारी गुमाएकाहरुका लागि रोजगारी सिर्जना गर्न स्थानीय तहहरुले कृषि, पशुपालन, घरेलु तथा साना उद्योग एवं अन्य क्षेत्रका स्वरोजगारका सम्भावित अवसर तथा कार्यक्रमहरु समेटिएको **पालिकास्तरको एकिकृत रोजगार योजना** तयार गर्न सुझाव दिने साथै **जिल्लास्तरको एकिकृत रोजगार योजना** तयार गर्न जिल्ला समन्वय समितिले समन्वय तथा आवश्यक सहजीकरण गर्ने ।

७. कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणका कारण सिर्जित महामारीको रोकथाम तथा नियन्त्रणलाई थप सशक्त एवं प्रभावकारी बनाउन विदेशबाट फर्कन सक्ने नेपालीहरुका लागि Paying Quarantine मा राख्नको लागि नेपाल सरकारले तोकेको क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी मापदण्ड पुग्ने उपयुक्त रहेका विभिन्न स्तरअनुरुपका यस जिल्लाका सम्भावित होटलहरु/गेष्ट हाउसहरुको सूचि, क्वारेन्टाइन स्थलमा उपलब्ध हुन सक्ने सिट संख्या र सो वापतको न्यूनतम शुल्क समेतको विवरण तत्काल तयार गरी कास्की जिल्लाभित्र सञ्चालन हुनसक्ने Paying Quarantine स्थलहरुलाई तयारी अवस्थामा राख्न पोखरा महानगरपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो साथै तयार गरिएको विवरण जिल्लागत CCMC मा पेश गर्न अनुरोध गर्ने ।

८. कास्की जिल्लामा कोभिड-१९ (कोरोना भाइरस) बाट संक्रमित वा शंकित व्यक्तिहरुलाई क्वारेन्टाइन स्थलबाट सम्बन्धित अस्पतालसम्म पुऱ्याउन जिल्लामा उपलब्ध २८ वटै कोभिडमैत्री एम्बुलेन्सहरुको परिचालन तथा सुरक्षाकर्मी र स्वास्थ्यकर्मी सम्मिलित PTT सञ्चालन जिल्लास्थित सुरक्षा निकाय, स्वास्थ्य कार्यालय कास्की, रेडक्रस सोसाइटी कास्की र स्थानीय तहहरुले आपसी समन्वयमा गर्ने । साथै संक्रमितहरुको उपचार र हेरचाहमा खटिने स्वास्थ्यकर्मी कर्मचारीहरुलाई निजहरु बसेको होटल/आवासबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्म ल्याउने लैजाने व्यवस्थाका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले आवश्यकता अनुसार उपयुक्त सवारी साधन भाडामा लिई व्यवस्थापन गर्ने ।

९. कोभिड-१९ को महामारीका कारण दैनिक गुजारा चलाउन नसक्ने अवस्थामा रहेका वास्तविक व्यक्ति तथा परिवारहरुको पहिचान गरी तथ्याङ्क संकलन गरी एकद्वार प्रणालीबाट राहत वितरण कार्य सञ्चालन गर्न आवश्यकता अनुसार स्थानीय तहहरुले सर्वदलीय बैठक राखी समन्वय तथा व्यवस्थापन गर्ने ।

१०. कोभिड-१९ को महामारीका कारण लकडाउन आदेश जारी रहेको अवस्थामा सो रोगको रोकथाम तथा नियन्त्रणका पूर्व सावधानी तथा स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पूर्ण अवलम्बन गरी/गराई जिल्लाभित्रका विकास आयोजना तथा अन्य निर्माण सञ्चालनलाई निरन्तरता दिने । यसरी सञ्चालन भएका विकास आयोजना तथा अन्य निर्माण सम्बन्धी विवरण सम्बन्धित स्थानीय तहहरुले तयार गरी जिल्लागत CCMC लाई तोकिएको ढाँचामा उपलब्ध गराउने ।

११. कास्की जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ अद्यावधिक गर्नुपर्ने भएकोले जिल्लाका सबै संघीय कार्यालय र स्थानीय तहहरुलाई तोकिएको ढाँचामा विवरण यथाशिघ्र उपलब्ध गराउन अनुरोध गर्ने ।

१२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको च.न १४६४ मिति २०७७।०२।१६ को पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा पत्रसाथ प्राप्त निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की